बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## National Competitive Bidding (NCB)

**ठेक्का नं. : 26/BM/REV/076-077**

**कार्यक्रमको नाम :** आन्तरिक आय संकलन

**तालको नाम** : देउरी ताल

**माछा पालन गर्ने स्थान :** बुद्धभूमि नगरपालिका वडा नं. ४, देउरी तालको क्षेत्रफलमा ।

**जारी मिति :** २०७६/१०/२८

**फर्म/संस्था/व्यक्तिको नाम :**

# बुद्धभुमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी,कपिलबस्तु

प्रदेश नं.५

## मुल्य बिबरण (BOQ)

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का नं.

कार्याक्रमको बिबरणः-आन्तरीक आय संकलन

तालको नामः- देउरी

माछा पालन गर्ने स्थानः-बुद्धभुमी नगरपालिका वडा नं.४ देउरी तालको क्षेत्रफलमा ।

| क्र.स. | बिबरण | क्षेत्रफल | कबोल रकम रु. | | जम्मा मुल्या (ने.रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| | बुद्धभुमी नगरपालिका वडा नं.४ देउरी तालको क्षेत्रफलमा । | २१-०-० | | | | |
| | जम्मा | | | | | |
| | भ्याट (vat)१३% का दरले | | | | | |
| | कुल जम्मा | | | | | |

नामः

पदः

आधिकारीक हस्तक्षर/छाप

बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या.:०७६।७७

चलानी नं.:

मिति:२०७६।१०।२७

## बोलपत्र आव्हान सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७६।१०।२८** (11th Feb. 2020)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) को दफा ११ र ६४ ले दिएको अधिकार प्रगोग गरी यस बुद्धभूमि नगरपालिका वडा नं. ४ मा रहेका निम्न तालहरु माछापालन प्रयोजनको लागि बुद्धभूमि नगरपालिकाको मिति २०७६।९।२७ गतेको छैठौं नगरसभाको निर्णय अनुसार न्यूनतम ठेक्का अंकमा नघटने गरी ७ बर्षको (आ.व. २०७६/०७७ देखि २०८३/०८४) सम्मको लागि ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्म/व्यक्तिहरूबाट आफूले लिन चाहेको ठेक्काको बोलपत्र फाराम दस्तुर रु. ३,०००।०० पछि फिर्ता नहुने गरी यस कार्यालयको नाममा एन.एम.बी.बैंक शाखा कार्यालय, गोरूसिगेंमा रहेको संचित कोष खाता नं. ०४४००६००५५९९७६०००११ मा तपसिलमा उल्लेख भएको म्याद भित्र छुट्टाछुट्टै बोलपत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस नगरपालिकाको एन.एम.बी. बैंक, शाखा कार्यालय गोरूसिगेंमा रहेको ०४४००६००५५९९७६०००४१ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा १२० दिनसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको कार्यसम्पादन जमानत बोलपत्र साथ PPMO को website http://bolpatra.gov.np/egp/II मा सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै शर्त तथा बन्देज सम्बन्धि विस्तृत विवरण बोलपत्र फारामसाथ संलग्न रहनेछ ।

**तपसिल**

| क्र.स. | तालको नाम | आय ठेक्का नं. | तालको क्षेत्रफल | न्यूनतम अंक (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | देउरी ताल | 6/BM/REV/076-077 | २१-०-० | ८४,००,०००।- | ३,०००।- | २०७६।११।२८ दिनको १२:०० बजे 11th Mar.2020 Day 12:00 AM | २०७६।११।२८ दिनको १:०० बजे 11th Mar.2020 Day 1:00 PM |
| २ | गेल्वार ताल | 7/BM/REV/076-077 | १०-०-० | ३५,००,०००।- | ३,०००।- | | |

### ताल ठेक्का व्यवस्थापन सम्बन्धी शर्तहरू:

**तपसिल:**

१. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको कुल रकमको ५% धरौटी बुझाएको सक्कल प्रमाण संलग्न गर्नु पर्ने छ। यस्तो धरौटी बिड सेक्युरेटीको हकमा बोलपत्र मान्य अवधि कम्तीमा १२० दिनको हुनु पर्नेछ।

२. म्याद भित्र दाखिला हुन आएका बोलपत्रहरु बोलपत्रदाता प्रतिनिधि को रोहवरमा खोलिने छ । बोलपत्र दाताहरुको प्रतिनिधि उपस्थित नभएमा खोल्न बाधा पर्ने छैन ।

३. रितपुर्वक पेश भएका सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले कबुल गरेको रकम र सो मा लाग्ने कर समेत दाखिला गर्न ७ दिनको म्याद दिईएको सुचना प्रकाशित गरिने छ । सोही सुचनाको आधारमा सम्झौताको लागी ७ दिन भित्रै कार्यालय समयमा सम्झौताको लागि निवेदन पेश गर्नु पर्नेछ ।

४. तोकिएको समयमा रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम समेत जफत गरी तालको ठेक्का दोस्रो ठुलो अंक कवोल गर्नेलाई दिने वा ठेक्का रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहने छ।

५. रु. ५ लाख भन्दा बढीको ठेक्का अंक कबोल गर्नको लागी मु.अ.करमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ।

६. ताल ठेक्का सम्झौता नभएसम्म बोलपत्र पेशगर्ने र अन्य बोलपत्रदाताले धरौटी रकम फिर्ता लिन सक्ने छैन। साथै तालको ठेक्का ब्यवस्थापन सम्झौता प्रचलित कानुन अनुसार हुनेछ।

७. तालको ठेक्काको अवधि ७ (सात) बर्षको हुनेछ।

८. ठेक्का सदर भए पश्चात ठेक्का बिक्री गर्न पाईने छैन।

९. समयमा किस्ता नबुझाएमा ठेक्का बदर र धरौटी रकम जफत गरि ठेक्का रद्ध समेत गर्न सकिने छ।

१०. सिचाईको लागि आवश्यक परेको बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्नेछ।

११. तालको अवस्था ठेक्का लिदा र छोड्दा दुरुस्त हुनु पर्नेछ।

१२. तालको ठेक्का सम्झौता भई सके पछि ताल मर्मत सम्भार ठेकेदार आफैले गर्नु पर्नेछ।

१३. सम्झौता र पट्टा कबुलियतको कुनै शर्त बिपरित काम गरेमा बिचैमा ठेक्का तोड्न सक्नेछ।

१४. ठेक्का कबोल अंकको २५% पहिलो बर्षको पहिलो किस्ता भुक्तानी गरी ठेक्का सम्झौता हुनेछ।

१५. ताल ठेक्कको बाकी रकम ठेक्काको बाकी अवधिमा दामासाहीले हुनेछ।

१६. प्रत्येक बर्षको किस्ता रकमको बैंक ग्यारण्टी राख्नु पर्नेछ।

१७. प्रत्येक किस्ता रकम समयमा नै भुक्तानी गरी सक्नु पर्नेछ अन्यथा बैंक ग्यारण्टी बाट असुल उपर गरी तालको ठेक्का बदर गरिनेछ।

१८. सुख्खा तथा बर्षातको कारणले हुन जाने हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुने छैन र किस्ता रकम मिनाहा दिईने छैन।

१९. संरचना निर्माण गर्नु पर्दा कार्यालयसंग स्वीकृत लिई निर्माण गर्नु पर्नेछ।

२०६८/१०/२६

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव (प्रा.)
प्रमुख प्रशासकिय अधिकृत